# महिला लघुवित्त वित्तीय संस्था लिमिटेड
# Mahila Laghubitta Bittiya Sanstha Ltd.

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)**
केन्द्रीय कार्यालयः बनेपा-१३ साँगा, काभ्रेपलाञ्चोक
Email: mlbsl.nepal@gmail.com, Website: www.mlbsl.com.np

## चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०७/३० गते

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०७८ साल कार्तिक २९ गते सोमबार बसेको सञ्चालक समितिको ३७औं बैठकको निर्णयानुसार यस लघुवित्त वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने :**

**मिति : २०७८ मंसिर २२ गते बुधवार (तदनुसार २०२१ डिसेम्बर ८)**
**स्थान : Himalaya Drishya Resort Dhulikhel-3, Kavre**
**समय : बिहान १०:३० बजे ।**

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०७७/७८ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७७/७८ सम्मको मुनाफाबाट चुक्ता पूँजी रु १०,००,००,०००/- को २.५ प्रतिशतले हुने रकम रु.२५,००,०००/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।
४. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०७३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सुविधाको निर्धारण गर्ने ।
५. सर्वसाधारण समुहबाट २ जना सञ्चालकहरुको निर्वाचन गरी नियूक्ति गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७७/७८ सम्मको मुनाफबाट चुक्ता पूँजी रु.१०,००,००,०००/- को ४७.५ प्रतिशतले हुने रकम रु.४,७५,००,०००/- बोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।
२. सञ्चालकहरुको बैठक भत्ता बृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।
३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ति-एक्विजिसन तथा खरिद सम्बन्धी प्रक्रिया अगााडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकन (Due to Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति एक्विजिसन तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावली संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
६. विविध ।

### चौथो वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. चौथो वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०७८ मंसिर १६ गते १ दिन शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८/०८/१५ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्टार नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि., काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न, बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।
२. चौथो वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।
३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगाना वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय साँगा, काभ्रे र नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि., काठमाडौंमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट www.mlbsl.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्ने पाउनेछन् ।
५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । हाजिरी पुस्तिका बिहान १०:३० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।
६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय साँगा काभ्रेमा दर्ता गराउनु पर्नेछ ।
७. शेयरधनी महानुभावहरुको व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।
८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन ।
९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।
१०. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।
११. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, साँगा काभ्रेमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

**विशेष अनुरोधः** कोभिड-१९ को कारणले पर्न सक्ने सम्भावित असरहरुलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकेको सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्नु पर्ने वार्षिक साधारण सभामा उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा तोकिए बमोजिमका स्वास्थ्य सुरक्षाका उपायहरु स्वयं आफैले पालना गर्नुपर्ने व्यहोरा समेत अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**